## नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधान बमोजिम संघीय संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७५ सालको ऐन नं. २०**

# अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावनाः** अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**ः (१) यस ऐनको नाम "अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा २ मा संशोधन** : अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,–

(१) खण्ड (ग) झिकिएको छ ।

(२) खण्ड (ज) पछि देहायको खण्ड (ज१) थपिएको छः-

"(ज१) "प्रतिष्ठान" भन्नाले मुनाफा आर्जन गर्ने वा नगर्ने गरी उद्योग, व्यवसाय वा सेवा गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना, संस्थापना, दर्ता, गठन वा सञ्चालनमा रहेको कुनै कलकारखाना, संघ, संगठन, संस्था, कम्पनी, फर्म, वा अन्य संस्था सम्झनु पर्छ ।

(३) खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छः-

"(ज) "मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ।"

३. **<u>मूल ऐनको दफा ४ मा संशोधनः</u>** मूल ऐनको दफा ४ को उपदफा (१) मा रहेका "स्थानीय तहको" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित वडा कार्यालयको" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेका "कार्यालय समक्ष" भन्ने शब्दहरुको सट्टा "स्थानीय तहमा" भन्ने शब्दहरु राखिएका छन् ।

४. **<u>मूल ऐनको दफा ५ मा संशोधनः</u>** मूल ऐनको दफा ५ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यथार्थ विवरण दिंदादिंदै कुनै अधिकारीले अपाङ्गता भएको व्यक्तिलाई बेग्लै वर्गको परिचयपत्र प्रदान गरिएको देखिएमा सो परिचयपत्र दिने अधिकारीलाई प्रचलित कानून बमोजिम कारबाहीको लागि सिफारिस गरिनेछ ।"

५. **मूल ऐनको दफा ६ मा संशोधन**: मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः-

"६. **अभिलेख राख्नु पर्नेः** (१) स्थानीय तहले आफ्नो क्षेत्रभित्र स्थायी रुपमा बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिको तोकिए बमोजिमको विवरण सहितको अभिलेख तयार गरी प्रत्येक वर्ष अद्यावधिक गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अद्यावधिक गरेको अभिलेख स्थानीय तहले नेपाल सरकारको संघीय मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय, मन्त्रालय र प्रदेशको सामाजिक क्षेत्र हेर्ने मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त अभिलेखको आधारमा मन्त्रालयले अपाङ्गता भएका व्यक्तिको एकीकृत विवरण तयार गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम अभिलेखमा समावेश नभएका अपाङ्गता भएका व्यक्तिलाई यस ऐन बमोजिम उपलब्ध गराउने सेवा, सुविधा प्रदान गर्न बाध्य हुने छैन ।"

६. **मूल ऐनको दफा ३० मा संशोधन**: मूल ऐनको दफा ३० को उपदफा (२) को,-

(१) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) प्रदेश सरकारबाट प्राप्त रकम,"

(२) खण्ड (ङ) मा रहेका "दफा ५४" भन्ने शब्दहरुको सट्टा "दफा ५५" भन्ने शब्दहरु राखिएका छन्।

७. **मूल ऐनको दफा ३८ मा संशोधन** : मूल ऐनको दफा ३८ को,-

(१) उपदफा (२) को,-

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) मन्त्री, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय – अध्यक्ष"

(ख) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :-

"(क१) खण्ड (द) बमोजिमका सदस्यहरु मध्येबाट निर्देशन समितिले मनोनयन गरेको सदस्य - उपाध्यक्ष"

(ग) खण्ड (घ), (ज), (ज) र (ट) को सट्टा देहायको खण्ड (घ), (ज), (ज) र (ट) राखिएका छन् :-

"(घ) सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय – सदस्य

(ज) सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय – सदस्य

(ज) सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय – सदस्य

(ट) सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
– सदस्य"

(घ) खण्ड (द) को सट्टा देहायको खण्ड (द) राखिएको छ :-

"(द) अपाङ्गता भएका व्यक्तिहरुको राष्ट्रियस्तरका संघ, संगठन, महासंघ तथा मानवअधिकारको क्षेत्रमा कार्यरत संस्थाहरुमध्ये फरक-फरक अपाङ्गताका वर्गबाट प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्तको आधारमा कम्तीमा पाँचजना महिला सहित दशजना -सदस्य"

(ङ) खण्ड (द) पछि देहायको खण्ड (द१) थपिएको छ :-

"(द१) राष्ट्रियस्तरमा महत्वपूर्ण योगदान पुऱ्याएका अपाङ्गता भएका व्यक्तिहरुमध्येबाट दुईजना -सदस्य"

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) उपदफा (२) को खण्ड (थ), (द), (द१) र (ध) बमोजिमका सदस्यहरुको मनोनयन मन्त्रालयले गर्नेछ र त्यस्ता सदस्यहरु तथा खण्ड (क१) बमोजिम मनोनित उपाध्यक्षको पदावधि दुई वर्षको हुनेछ ।"

८. <u>मूल ऐनको दफा ४० मा संशोधनः</u> मूल ऐनको दफा ४० को,-

(१) उपदफा (२) मा रहेको "अध्यक्षले" भन्ने शब्दपछि "र निजको अनुपस्थितिमा उपाध्यक्षले" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (५) मा रहेको "अध्यक्षले" भन्ने शब्दपछि "र निजको अनुपस्थितिमा उपाध्यक्षले" भन्ने शब्दहरु राखिएका छन् ।

९. मूल ऐनको दफा ५८ मा संशोधनः मूल ऐनको दफा ५८ को सट्टा देहायको दफा ५८ राखिएको छः-

"५८. संरक्षण अधिकृतः स्थानीय तहले अपाङ्गता भएका व्यक्तिको अधिकारको संरक्षण गर्ने काम समेतका लागि एकजना कर्मचारीलाई संरक्षण अधिकृत तोक्न सक्नेछ।"

१०. मूल ऐनको दफा ५९ मा संशोधन: मूल ऐनको दफा ५९ मा रहेका "तथा परिचयपत्र" भन्ने शब्दहरु झिकिएका छन् ।

११. रुपान्तरः मूल ऐनको ठाउँ-ठाउँमा रहेका "कार्यालय" भन्ने शब्दको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राखिएका छन् ।

**प्रमाणीकरण मितिः २०७५।०६।०२**

**आज्ञाले,**
**राजीव गौतम**
**नेपाल सरकारको सचिव**